# भूमि अधिकार अभियान
## मासिक खबर

वर्ष : १ अङ्क : ९ चैत, २०७१

### राष्ट्रिय आन्दोलनको फलोअप

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालले राष्ट्रिय आन्दोलनको फलोअप अभियान गरेको छ। मञ्चको अगुवाईमा १२ सदस्यीय टोलीले चैत ११ देखि २२ गतेसम्म काठमाडौंमा विभिन्न नीतिगत तहमा पुगी विगतमा भएका सहमतिअनुसार के कति प्रगती भयो भन्ने विषयमा छलफल गरिएको छ। पछिल्लो पटक राष्ट्रिय मञ्चले गत कात्तिक ३० देखि मंसिर ४ सम्म काठमाडौंमा राष्ट्रिय आन्दोलन गरेको थियो । आन्दोलनमा विभिन्न राजनीतिक दलका नेतृत्व तथा सभासद्हरूले भूमि अधिकार मञ्चले उठाएको माग पुरा गराउने प्रतिवद्धता व्यक्त गरेका थिए । राष्ट्रिय मञ्चले पुनः नीतिगत तहमा छलफल गरी पहिले गरेको प्रतिवद्धता पुनः स्मरण गराएको छ।



अभियानको क्रममा ५० जना (सभासद्, राजनीतिक दलका नेता र सरोकारवाला) सँग प्रत्यक्ष भेटघाट गरी छलफल गरिएको छ । यस क्रममा विभिन्न निकायमा गरिएको छलफलले बेदर्तावाल मोही, गुठी, बिर्ता, सुकुमबासीलगायतका सवालमा काम गर्न नीतिगत तहमा दबाब सिर्जना गरेको छ। साथै यी निकायमा भूमि अधिकार मञ्चको पछिल्लो गतिविधिबारे अपडेट पनि गराइएको छ।

विभिन्न राजनीतिक दलका नेतृत्व, संविधान सभाका सभासद् तथा भूमि सुधार मन्त्रीले भूमि अधिकार मञ्चले उठाएको मुद्दाहरूलाई आगामी संविधानमा सम्वोधन गर्ने, मन्त्रालय तथा विभागबाट हुने कामलाई यथासक्य चाडो अघि बढाउने विषयमा छलफल भएको छ । साथै यही बैशाख ७ गते भूमि सुधार मन्त्रीसहितको उपस्थितीमा काठमाडौँमा बिर्ता समस्या समाधानको विकल्पबारे छलफल गरिने योजना तय भएको छ । फलोअप अभियानको क्रममा नेकपा एमालेका अध्यक्ष केपी ओली, पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, भूमि सुधार मन्त्री दलबहादुर राना, एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाल, प्रमुख सचेतक गिरीराज मणी पोखरेल, गुठी तथा उपसमितिका संयोजक काशिनाथ अधिकारी, कृषि तथा जलस्रोत उपसमितिका संयोजक आनन्द पोखरेल, राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष अनुपराज शर्मा, एमाले नेता अग्नी खरेल, अर्थ समितिका सभापति प्रकाश ज्वाला, भूमि सुधार तथा व्यवस्थापन मन्त्रालयका निर्देशक रोहितकुमार भट्टराई, सभासदहरू जर्नादन ढकाल, रेवती भण्डारी, छोवाङ्गतेन्जन तामाङ, केशव बडाल र विक्रम खनाललगायतसँग भेटी छलफल गरिएको छ।

### राष्ट्रिय मञ्चमा सदस्य मनोनयन

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको चौथो सम्मेलनपछि चैत २३ मा बसेको पहिलो बैठकले केन्द्रीय समितिमा थप ३ सदस्य मनोनयन गरेको छ। मनोनित केन्द्रीय सदस्यमा बीनबहादुर परियार (रूपन्देही) भुन्टे राजी (कैलाली) र अरुण सदा (सिरहा) छन् । मञ्चको बैठकले सबै केन्द्रीय पदाधिकारीहरूको व्यक्तिगत र पारिवारिक विवरण अभिलेखन गर्ने योजना तय गरेको छ । साथै आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन,

लेखापरीक्षक नियुक्ति, केन्द्रीय समितिले विभिन्न क्षेत्रको अभियानको संयोजन गर्ने गरी जिम्मेवारी बाँडफाँट गरेको छ । भूमि अध्ययनघर चितवनमा भएको बैठकमा ३० केन्द्रीय पदाधिकारी र ५ आमन्त्रीतसहित ३५ जना सहभागी थिए ।

### क्षेत्रीय महिला किसान सम्मेलन भयो

'आधा पुरुष, आधा नारी जमिनमा हक बराबरी' मुल नाराका साथ क्षेत्रीय महिला किसान सम्मेलन सर्लाहीको हरिवनमा भयो । चैत १६ र १७ दुई दिन भएको सम्मेलनमा बारा, रौतहट सर्लाही, महोत्तरी र धनुषाका एक सय ३५ महिला किसान सहभागी भए ।

सम्मेलनमा भूमिमा महिला किसानको अधिकार, अधिकारको लागि सङ्गठित अभियान, महिला किसानले कृषि कार्यमा पुऱ्याएको योगदानको पहिचान, महिला किसानको जीविका, न्याय र खाद्य सुरक्षाको सुनिश्चितता, घर/जग्गामा महिला-पुरुषको समान स्वामित्व आदि विषयमा छलफल गरी ७ बुँदे सर्लाही घोषणापत्र जारी भएको छ । साथै महिला किसानहरूले सरकारले दिँदै आएको घर/जग्गाको रजिष्ट्रेसन पास गर्दा लाग्ने शुल्कमा थप सहुलियत बढाउनुपर्ने माग उठाएका छन् ।

### संयुक्त पुर्जा बनाउने थपिए

चैत महिनामा १ सय ४८ जोडी किसानले संयुक्त पुर्जा निर्माण गरेका छन् । उनीहरूले करिव ३४.३५ हेक्टर क्षेत्रफलको जमिनमा संयुक्त पुर्जा निर्माण गरी भूमिमा महिला-पुरुषको बराबरी स्वामित्व कायम गराएका हुन् ।



अभियानमा सङ्गठित भई ओखलढुङ्गाका ४१ जोडीले ४६४-५-१-१ रोपनीमा, सुर्खेतका १८ जोडीले ९७-७-१-० रोपनीमा, दाङका १२ जोडीले ०.६१ हेक्टरमा, सुनसरीमा १० जोडीले १-७-० बिघामा, बर्दियाका ७ जोडीले ५-१०-१४ बिघामा, रसुवाका ७ जोडीले ५४ रोपनीमा, नुवाकोटका ७ जोडीले २४ रोपनीमा, बैतडीका ६ जोडीले १२ रोपनीमा, महोत्तरीका ६ जोडीले १-१०-० बिघामा, सर्लाहीका ६ जोडीले १-९-११ बिघामा, कञ्चपुरका ५ जोडीले ६-५-२ बिघामा, पाल्पाका ५ जोडी किसानले ५५-४-२-३ रोपनीमा र सल्यानका १ जोडीले ९-१-०-० रोपनीमा र उदयपुरका ८ जोडी, सिरहाको ६ जोडी र सप्तरीका ३ जोडीले ४-०-१२ बिघा क्षेत्रफलको जमिन संयुक्त पुर्जा निर्माण गरेका छन् ।

### गाउँब्लकबासीले लिए अधिकार

सर्लाहीको हरिऔन नगरपालिका- ९, दनुबारीका १ सय ३३ परिवार गाउँब्लकबासीले मालपोत कार्यालयबाट १ बिघा ५ कठ्ठा क्षेत्रफलको जमिनमा अधिकार लिएका छन् । १० पुस्ताअघिदेखि बसोबास गर्दै आएका उनीहरूले भूमि अधिकार मञ्चको सहयोगमा जमिनको अधिकार लिएका हुन् । जिल्ला मञ्चको पहलमा नापी कार्यालयले २ वर्ष पहिले नापी गरेको जग्गाको पुर्जा गाउँब्लकबासीले पाएका हुन् । उनीहरूले पाएको जग्गाको स्थानीय मूल्याङ्कनअनुसार ५ करोड हुन आउँछ ।

### बाँझो जग्गाको उपयोग

उदयपुरको जोगिदह गाविस- ९ मा भीसेन गोदावरी गाउँ मञ्चका २० परिवारले ३ बिघा १७ कठा १० धुर, सप्तरीको धरमपुर- ८ का जनमूखी गाउँ भूमि अधिकार मञ्चका ३२ परिवारले ४ बिघा ५ कठ्ठा बाँझो तथा नदी उकास क्षेत्रको जमिन उपयोगमा ल्याएका छन् । भूमि अधिकार मञ्चमा नेतृत्वमा सङ्गठनका

सदस्यहरूले बाँझो तथा खेर गएको जमिनको खोजी गरी उपयोगमा ल्याएका छन् यस्तो जमिनमा सामूहिक तथा व्यक्तिगत खेती गरी कोष तथा आम्दानी बढाउन उपयोगमा ल्याउने योजना बनेको छ ।

यस्तै सप्तरीकै हरिपूर- ९ को सरस्वती गाउँ भूमि अधिकार मञ्चका ४५ परिवारले ५ कट्ठा बाँझो जमिनलाई उपयोगमा ल्याई शैचालय निर्माण गर्न उपयोगमा ल्याएका छन् ।

**भूमिहीनले लिए आधार पत्र**

जिल्ला भूमि अधिकार मञ्च, उदयपुरको पहलबाट सुन्दरपुर गाविसका ९२ भूमिहीन परिवारले बसोबास तथा हकभोगको प्रमाण पत्र लिएका छन् । भूमिहीन किसानहरूले गाउँ भूमि अधिकार मञ्चमार्फत गाविसको कार्यालयमा बसोबासको आधार प्रमाण पत्र लिनको लागि निवेदन दिएका थिए । बसोबास गरेको जग्गाको हकभोगको लागि गाविसबाट लिइने यस्तो आधार प्रमाण पत्र बलियो आधार बन्दै गएको छ ।

**स्थानीय स्रोतमा दाबी र उपयोग**

कञ्चनपुर, दैजी गाउँ भूमि अधिकार मञ्चको पहलमा टिमटोल सिँचाइ कुलो निर्माण गर्न जिल्ला विकास समितिको कार्यालयबाट ३ लाख रूपियाँ बजेट बिनियोजन भएको छ । यस्तै शान्ति गाउँ भूमि अधिकार मञ्चको पहलमा पक्कि कुलो मर्मतको लागि कृष्णपुर गाविसबाट २५ हजार रूपियाँ रकम बिनियोजन भई काम सुरु भएको छ । गाउँ भूमि अधिकार मञ्चकै पहलमा सिर्जना प्रावि, बैजनाथ प्रावि र नन्द उमावीको लागि गाविसको कार्यालयहरूबाट बजेट बिनियोजन भएको छ । यस क्रममा भेटघाट भूमि अधिकार मञ्चको पहलमा बैजनाथ प्राविलाई २५ हजार, सिर्जना प्राविलाई २५ हजार, देखतभूली गाउँ मञ्चको पहलमा नन्द उमावीलाई १ लाख ३३ हजार रूपियाँ सहयोग प्राप्त भएको छ। उक्त रकमले विद्यालयहरूले फर्निचर, खेलकुद चौर मर्मत र पुस्तकालय निर्माण गर्न खर्च गर्ने निर्णय भएको छ । यस्तै कटान गाउँ भूमि अधिकार मञ्चको पहलमा सडक ग्राभेल गर्न २ लाख रूपियाँ, सरैया गाउँ भूमि अधिकार मञ्चको पहलमा बाटो ग्राभेल गर्न १ लाख ३३ हजार रूपियाँ देखतभूली गाविसको कार्यालयबाट प्राप्त भएको छ ।

यस्तै, सप्तरीको हरिपूरको एकता गाउँ भूमि अधिकार मञ्चले हरिपूर गाविसबाट बाटो ग्राभेलका लागि ५० हजार र शान्ति गाउँ भूमि अधिकार मञ्च मधुपट्टिले आयआर्जनमुलक व्यवसाय गर्नको लागि ७२ हजार रूपियाँ सहयोग लिई उपयोग गरेका छन् ।

सिन्धुपाल्चोकको १२ वटा गाउँ भूमि अधिकार मञ्चले गाविस, जिविस, कृषि कार्यालयलगायतका स्थानीय निकायबाट १० लाख १ हजार ४ सय रूपियाँ स्रोत लिई उपयोगमा ल्याएका छन् । यसरी स्थानीय स्रोतबाट सङ्कलन गरिएको रकमबाट भूमि अभियानमा सङ्गठित २०६ अगुवा किसानहरूले आयमुलक व्यवसाय सञ्चालन गरेका छन् ।

**किसानले पाए मोही हक**

पाल्पा, तीन पुस्तादेखि मोही हक पाउनबाट वञ्चित चिर्तुङधारा ५ का जानुका गाहा रेस्मीले जग्गाधनी रेणुका शर्माबाट ५ रोपनी जग्गा मोही हक वापत लिएकी छिन् । चिर्तुङधारा गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित रेस्मीलाई जिल्ला भूमि अधिकार मञ्चको पहलमा जिल्ला अदालतमा मिलापत्र गराई मोही हक दिलाइएको छ ।

**किसानले पाए क्षतिपूर्ति**

सुनसरी, भूमि अधिकार मञ्चको सहजीकरणमा ४ परिवार भूमिहीन किसानले बेदखलीवापत क्षतिपूर्ति पाएका छन् । उनीहरूले १ कट्ठा १८ धुर जग्गामा अधिकार पाएका छन् । उनीहरूले पाएको जग्गाको स्थानीय मूल्याङ्कनअनुसार ८ लाख ४० हजार रूपियाँ हुन आउँछ । यसरी क्षतिपूर्ति पाउनेहरूमा हाँसपोसा- ३ लविपुरका सम्झावती चौधरी, शुसिला चौधरी, अनिता धामी र इटहरी ३, बौकाका वडाधन राई छन् । उनीहरूले जग्गाधनी निराकुमारी बानियाँ र कर्णबहादुर राईबाट क्षतिपूर्ति लिएका हुन् ।

### मालपोतमा डेलिगेसन

जिल्ला भूमि अधिकार मञ्च, दाङले संयुक्त पुर्जा निर्माण गर्न मालपोत कार्यालयबाट आवश्यकताअनुसारको सहयोग नपाएको भन्दै मालपोतमा डेलिगेसन गई छलफल गरेको छ । सयुक्त लालपुर्जा बनाउँदा गाविस/नगरपालिकाबाट अनिवार्य सिफारिस ल्याउनुपर्ने नियम लगाएको र यस्तो सिफारिस लिँदा गाविस/नपाले सिफारिस दस्तुर मात्रै ५ सय रूपियाँ लिने गरेकाले झण्झट भएपछि जिल्ला मञ्चले मालपोत प्रमुखसँग छलफल गरेको हो । दस्तुर चर्को भएकोले सयुक्त पुर्जा बनाउन कठिनाई आएपछि त्यस्तो सिफारिस नभएपनि संयुक्त पुर्जा निर्माण गर्न मञ्चले माग राखेको थियो । मालपोत प्रमुखसँग भएको छलफलपछि आगामी दिनमा संयुक्त पुर्जा बनाउन यस्तो सिफारिस आवश्यक नहुने सहमति भएको छ । यस महिना १२ जोडीले संयुक्त पुर्जा निर्माण गरिसकेका छन् ।

### संयुक्त पुर्जाबारे सरोकारवालासँग छलफल

भूमिमा महिला किसानको स्वामित्व बढाउन भूमि अधिकार मञ्चमार्फत जारी संयुक्त पुर्जा निर्माण अभियानलाई अझ बढाएर लैजान चैत २० र २१ मा गोदावरीमा अभिमुखीकरण कार्यशाला भयो ।

कार्यशालामा ललितपुरमा भइरहेको अभियानबारे सरोकारवालाबीच जानकारी आदान-प्रदान गरी पृष्ठपोषण लिइएको छ भने भूमिमा महिला अधिकार अभियानलाई बढाएर लैजानको लागि गाविस, जिल्ला मालपोत कार्यालयलगायतले आवश्यक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । साथै आगामी दिनमा संयुक्त पुर्जा अभियानलाई प्रभावकारी बनाई अघि बढाउने योजनाको विषयमा पनि छलफल भएको छ ।



कार्यशालामा भूमि सुधार तथा व्यवस्था मन्त्रालयका प्रतिनिधि, भूमि सुधार तथा व्यवस्थापन विभागका प्रतिनिधि, मालपोत कार्यालय ललितपुरका प्रमुख, ललितपुरका ८ गाविसका सचिव, लुथरन विश्व फेडेरेशनका कार्यक्रम संयोजक, कार्यक्रम अधिकृत, आत्मनिर्भर केन्द्रका कार्यकारी निर्देशक, अभियान संयोजक, अभियान अधिकृत जिल्ला भूमि अधिकार मञ्चका प्रतिनिधि र यस अघि संयुक्त पुर्जा बनाएका जोडीसहित २५ (७ महिला १ दलित ४ जनजाती) जना सहभागी थिए ।

### बस्ती उठिबास पुनर्स्थापनाको प्रयास

बाँके गनापूर- ६ फाराम बस्तीका ३१ परिवार भूमिहीनलाई स्थानीय प्रशासनले गत पुस ३ गते डोजर लगाएर उठिबास गराएको थियो । २०६१ सालदेखि बसोबास गर्दै आइरहेका भूमिहीनलाई बिना विकल्प त्यहाँबाट उठिबास गराएको थियो । ती मध्ये १० परिवार वास्तविक भूमिहीन भएको र अन्यत्र बसोबासको विकल्प पनि नभएकाले सोही ठाउँमा बसोबास गर्दै आइरहेका थिए । अल्पत्र अवस्थामा बसेका भूमिहीनको बस्ती पुनर्स्थापनाको लागि भूमि अधिकार मञ्चले सरोकारवाला निकायको ध्यानकर्षण पटकपटक गराउँदै आएको छ । मञ्चको पहलमा चैत ९ गते भएको स्थानीय सर्वपक्षीय छलफलले गनापूरको मृगीयामा रहेको ऐलानी जग्गामा भूमिहीनको पुनर्स्थापना निर्णय गरेको छ । सर्वपक्षीय बैठकबाट सो ठाउँमा बस्ती पुनर्स्थापना गर्नको लागि १ बिघा १० कठ्ठा जमिन छुट्याइएको छ ।

### उठिबास विरुद्ध अभियान

महोत्तरी, जिल्ला वन कार्यालयले २०२२ सालदेखि बसोबास गर्दै आएका भूमिहीन बस्ती उठाउने प्रयास गरेको छ । वन कार्यालयको अधिकृतसहितको टोली बस्तीमा गई बस्तीका मानिसहरू धम्क्याउने, बस्तीको

संरचनाहरू भत्काउने जस्ता जघन्य कार्यहरू गर्न थालेको छ । जिल्ला वनले पछिल्लो समयमा गत चैत ३ गते पनि बस्तीमा गई भूमिहीनहरूको बस्तीमा आगो लगाउने प्रयास गरेको थियो । उनीहरूको यस्तो प्रयासबाट बस्तीमा क्षति पनि पुगेको छ । उक्त घटनाको यकिन छानबीन गर्न पत्रकारसहितको टोलीले स्थलगत भ्रमण गरी यथार्थ बाहिर ल्याइयो । र जिल्ला भूमि अधिकार मञ्चको कार्यालयमा सरोकारवालाबीच अन्तरक्रिया कार्यक्रम पनि भयो । अन्तरक्रियापछि भूमिहीन बस्तीमा भइरहेको यस्तो ज्यादती रोक्न र उनीहरूलाई उचित क्षतिपूर्ति दिन जिल्ला वन कार्यालयमा ज्ञापन पत्र बुझाइएको छ ।

यस्तै सप्तरी, धरमपूर- ८ स्थित जनमूखी गाउँ भूमि अधिकार मञ्चले सुन्दरी नदी छेऊमा रहेको करिव ३ बिघा खाली जग्गामा भूमिहीनले घरटहरा बनाएको भन्दै वन कार्यालय रोक्का गरेको प्रति विरोध गर्दै वन कार्यालयमा ज्ञापन पत्र बुझाएको छ । वन कार्यालयले घरटहरा बनाउन रोक्का लगाएपछि भूमि अधिकार मञ्च र वन कार्यालयबीच छलफल भयो । मञ्चले बिना शर्त नदी उकासको जग्गा भूमिहीनलाई उपयोग गर्न दिनुपर्ने माग गरेको छ । जिल्ला मञ्चले बस्ती उठिबास हुन नदिने जिल्ला प्रशासन कार्यालयमा पनि ज्ञापन पत्र पेश गरेको छ ।



यस्तै, जिल्ला भूमि अधिकार मञ्च, सप्तरीले १२ बुँदे माग राखी जिल्ला विकास समितिको कार्यालयमा माग पत्र पेश गरेको छ । मञ्चले आगलागी पीडित बस्तीमा राहत उपलब्ध गराउनुपर्ने, गाविस, नगरपालिका र जिविसका विभिन्न संरचनामा भूमि अधिकार मञ्चलाई प्रतिनिधित्व गराइनुपर्ने, भूमिहीन सुकुमबासीको बस्ती संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेलगायतको माग उठाएको छ ।

**स्थानीय बीउ संरक्षण कार्यशाला भयो**

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको आयोजना र जिल्ला मञ्च रसुवाको समन्वयमा चैत ९ गते भूमि घर कालिकास्थानमा स्थानीय बीउ संरक्षण तथा प्रबर्द्धनसम्बन्धी एक दिने कार्यशाला भयो । साना, महिला र भूमिहीन किसानका लागि नेपाल सरकारको विभिन्न बीउ नीति, कार्यक्रम तथा वितरण संरचनाबारे जानकारी गराउन र त्यस्तो सेवा सुविधाहरूमा सहज पहुँच कसरी स्थापना गर्न सकिन्छ भन्नेबारे विकल्प खोज्न छलफल आयोजना गरिएको थियो ।

कार्यक्रममा रसुवा कृषि विकास कार्यालयका वरिष्ठ कृषि विकास अधिकृत रमेश हुमागाईंले बीउ नीति, पहुँच र स्थानीय तहमा बीउ संरक्षणबारे प्रस्तुति गर्नुभएको थियो भने रश्मी पण्डितले नेपाल सरकारको बीउ नीति तथा कार्यक्रमसम्बन्धी साना, महिला तथा भूमिहीन किसानमा सचेतना विषयमा सहजीकरण गर्नुभएको थियो ।

कार्यक्रममा निमित्त स्थानीय विकास अधिकारी भीमकान्त पौडेल, पशु सेवा कार्यालयका प्रमुख डिल्लीराम सेढाइँ, एसियाली किसान सङ्गठनका उपाध्यक्ष सोमप्रसाद भण्डारी, सुआहारा कार्यक्रम रसुवाका संयोजक मनोज मिश्र, कृषि सेवा केन्द्र धैबुङका प्रमुख बालकुमारी खड्का, राष्ट्रिय भूमि अधिकार मञ्चका केन्द्रीय सदस्य भवानीप्रसाद न्यौपानेलगायत जिल्ला भूमि अधिकार मञ्चका पदाधिकारी, गाउँ मञ्चका अगुवा, साना तथा अगुवा किसान (१९ महिला, १ दलित, ६ जनजाति गरी ३२ जना) सहभागी थिए ।

**भूमि सिकाइ केन्द्र सञ्चालन**

सुनसरी, जिल्ला भूमि अधिकार मञ्चमार्फत ६ वटा भूमि सिकाइ केन्द्र सञ्चालन भएको छ । यी सिकाइ केन्द्रमा १ सय ९५ सदस्यहरू छन् ।

भूमि सिकाइ केन्द्रमा भूमि अधिकार अभियान, भूमि अभियानका योजना, भूमि र दिगो जीविका, दैनिक जीवनका आधारभूत विषयहरूबारे छलफल हुनेछन् ।

भूमि सिकाई केन्द्र सञ्चालन गर्नको लागि एसओएस बालग्राम इटहरी सँग सम्झौता भएको छ । संस्थाले सिकाइ केन्द्र सञ्चालन गनएको लागि सहजकर्ता तथा व्यवस्थापन खर्च दिने सहमति भएको छ । सिकाइ केन्द्र सञ्चालन सहजकर्तामा मञ्चका अगुवाहरू  सीता चौधरी, फूलावती चौधरी, सुस्मिता चौधरी र रेखा चौधरीलाई छनोट भएका छन् ।

**अध्ययन सकियो**

जिल्ला भूमि अधिकार मञ्च, बाराले एयरपोर्टबाट विस्थापित गरिन लागिएको बस्तीको विस्तृत अध्ययन गरी प्रतिवेदन तयार गरेको छ । अध्ययनबाट एयरपोर्ट बनेमा १ हजार २ सय ७ परिवारका ६ हजार ८ सय ४१ मानिसहरू विस्थापित हुने देखिएको छ । बारामा बन्न लागेको अन्तर्राष्ट्रिय एयरपोर्टबाट टाङ्गिय बस्ती विस्थापित हुने खतरा भएपछि भूमि अधिकार मञ्चले त्यस्को एकिन विवरण तयार गरी उचित पुनर्स्थापनासहित उनीहरूलाई व्यवस्थापना गर्नुपर्ने माग उठाउँदै आएको छ ।

**साक्षरता कक्षा सञ्चालन**

बारा, जिल्ला भूमि अधिकार मञ्चको पहलमा जिल्ला शिक्षा कार्यालयबाट पर्सौना गाविसमा १५ वटा साक्षरतका कक्षा सञ्चलन भएको छ । साक्षरता कक्षामा गाउँ भूमि अधिकार मञ्चका तीन सय सहभागी भएका छन् । साक्षरता कक्षा भूमि अधिकार अभियानका १५ जना अगुवाले सञ्चालन गरिरहेका छन् ।

**साक्षरता कक्षा सञ्चालन तालिम**

जिल्ला भूमि अधिकार मञ्च, सर्लाही र जिल्ला शिक्षा कार्यालयको सहकार्यमा साक्षरता कक्षा सञ्चालन हुँदैछ । साक्षरता कक्षा सञ्चालनको लागि छनोट भएका सहजकर्ताहरूको लागि चैत ५ देखि ९ सम्म तालिम सञ्चालन भयो । तालिममा ७३ जना महिला सहजकर्ताहरू सहभागी भएका थिए । सर्लाहीमा सञ्चालित ७३ साक्षरता कक्षामा १ हजार ४ सय ६० जना भूमि अधिकारबाट वञ्चित प्रौढहरू सहभागी छन् ।

**सङ्गठन निर्माण**

यस महिना उदयपुरमा २, कैलालीमा २, सुनसरीमा १ र कञ्चनपुरमा १ गरी ६ नयाँ गाउँ भूमि अधिकार मञ्च निर्माण भएको छ । गाउँ मञ्चमा २ सय ७५ भूमि अधिकारबाट वञ्चित परिवार सङ्गठित भएका छन् ।

**प्रकाशन**

भूमि अधिकार अभियानको अध्ययन सामग्री त्रैमासिक भूमि अधिकार बुलेटिनको पूर्णाङ्क ४० प्रकाशन भएको छ । २ हजार प्रति प्रकाशन भएको बुलेटिन सबै जिल्ला र गाउँ भूमि अधिकार मञ्चहरूमा पठाइने तयारी भएको छ ।

भूमि अधिकार मञ्च

**राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल** (NLRF)
ठिमुरा, चितवन,
फोन : ०१-६९१४५८६
ईमेल : nlrfnepal@yahoo.com

CSRC आत्मनिर्भर केन्द्र

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र** (CSRC)
धापासी काठमाडौं,
फोन : ०१-४३६०४८६
ईमेल : landrights@csrcnepal.org